# स्वैच्छिक सहायताप्राप्त मरण

## सान्दर्भिक तथ्यहरू

**संस्करण २**

**स्वीकृत: ७ मे २०२४**

**स्वैच्छिक सहायताप्राप्त मरणबारे सान्दर्भिक तथ्यहरू**

यो दस्तावेज स्वैच्छिक सहायताप्राप्त मरणको आयोग द्वारा अनुमोदन गरिएको हो। स्वैच्छिक सहायताप्राप्त मरणको आयोगलाई सम्पर्क गर्न, 1800 568 956 (टोल फ्री) मा फोन गर्नुहोस्, vad@health.tas.gov.au मा इमेल गर्नुहोस् वा GPO Box 125, HOBART TAS 7001 मा पत्र पठाउनुहोस्।

यस दस्तावेजका अंशहरू प्रतिलिपि अधिकार ऐन 1968 अन्तर्गत अनुमति दिए अनुसार, उपयुक्त स्वीकृतिका साथ पुन: प्रयोग गर्न सकिनेछ।

## पहुँच

यो प्रकाशन अन्य भाषाहरूमा, डिजिटल र सजिलो संग पढ्न सकिने ढाँचामा, र अडियो रेकर्डिङको रूपमा उपलब्ध छ। दस्तावेजका यी संस्करणहरू पहुँच गर्न 1800 568 056 (टोल फ्री) मा फोन गर्नुहोस्, vad@health.tas.gov.au मा इमेल गर्नुहोस् वा आफ्नो स्मार्टफोन प्रयोग गरेर दायाँतिरको QR कोड स्क्यान गर्नुहोस्।

## स्वीकृति

यस कागजातका भागहरू वेस्टर्न अष्ट्रेलिया सरकारको प्रकाशनमा आधारित छन्, स्वेच्छिक सहायताप्राप्त मरणको लागि पहिलो अनुरोध गर्ने व्यक्तिको लागि स्वीकृत जानकारी, स्वास्थ्य विभाग २०२२।

## यस दस्तावेजको बारेमा

स्वैच्छिक सहायताप्राप्त मरण एक कानूनी प्रक्रिया हो जसमा कुनै व्यक्ति जो दीर्घरोग, बिमार, चोट, वा चिकित्सा अवस्थाबाट पीडित छन्, उनीहरुलाई आफ्नो जीवन समाप्त गर्ने पदार्थ पहुँच गर्न सक्षम बनाउँछ।

यो दस्तावेज (सान्दर्भिक तथ्यहरू) ले निम्न बारेमा जानकारी दिन्छ:

- तास्मानियामा स्वैच्छिक सहायताप्राप्त मरणलाई अनुमति दिने कानूनको सञ्चालन *(the End-of-Life Choices (Voluntary Assisted Dying) Act 2021)*,
- व्यक्तिले यो स्वैच्छिक सहायताप्राप्त मरण कहिले पहुँच गर्न सक्छन्, यो कसरी निर्णय गरिन्छ, र उपलब्ध सहयोगहरु,
- स्वैच्छिक सहायताप्राप्त मरणको आयोग, र
- उपशामक हेरचाह (palliative care), र अन्य उपचार वा दुखाइ कम गर्नेबारे सल्लाह कहाँ प्राप्त गर्ने।

यो दस्तावेज स्वैच्छिक सहायताप्राप्त मरणमा पहुँच गर्न इच्छा व्यक्त गर्ने वा औपचारिक पहिलो अनुरोध गर्न प्रयास गर्ने व्यक्तिलाई दिइन्छ। यो परिवारको सदस्यका त्यो व्यक्तिलाई पनि दिइन्छ जो, उनीहरूको औपचारिक पहिलो अनुरोध पछ्याउँदै, स्वैच्छिक सहायताप्राप्त मरणमा पहुँच गर्न योग्य छन्।

स्वैच्छिक सहायताप्राप्त मरण नेभिगेसन सेवाले तास्मानियामा स्वैच्छिक सहायताप्राप्त मरण बारेमा थप जानकारी प्रदान गर्न सक्छ। यो सेवाले व्यक्तिलाई स्वैच्छिक सहायताप्राप्त मरण प्रक्रियामा भाग लिन इच्छुक र अधिकृत चिकित्सक वा दर्तावाला नर्स फेला पार्न र मद्दत चाहिने मानिसहरूलाई सेवाहरू प्रदान गर्न सक्ने सेवाहरूसंग जोडीदिना मद्दत गर्न सक्छ। स्वैच्छिक सहायताप्राप्त मरण नेभिगेसन सेवालाई सम्पर्क गर्न, 1800 568 956 (टोल फ्री) मा फोन गर्नुहोस् वा vad@health.tas.gov.au मा इमेल पठाउनुहोस्।

## स्वैच्छिक सहयोगप्राप्त मरण (Voluntary Assisted Dying) भनेको के हो?

स्वैच्छिक सहायताप्राप्त मरण एक कानूनी प्रक्रिया हो जसमा कुनै व्यक्ति जो दीर्घरोग, बिमार, चोट, वा चिकित्सा अवस्थाबाट पीडित छन्, उनीहरुलाई चिकित्सा अभ्यासकर्ताहरु को समर्थन र सहयोगमा आफ्नो जीवन समाप्त गर्ने पदार्थ पहुँच गर्न सक्षम बनाउँछ।

त्यो पदार्थ आफैं लिने वा कुनै चिकित्सा अभ्यासकर्ता वा दर्तावाला नर्सको सहयोगमा वा उनीहरूको उपस्थितिमा लगाइदिने यो व्यक्तिले रोज्न सक्छन्।

तास्मानियामा स्वैच्छिक सहायताप्राप्त मरणलाई Tasmanian End-of-Life Choices (Voluntary Assisted Dying) Act 2021 (the Act), ले विनियमित गरेको छ। तास्मानियामा कुनै व्यक्ति स्वैच्छिक सहायताप्राप्त मरण पहुँच गर्न योग्य हुन्छ यो ऐनले त्यो व्यक्ति पहिचान गर्दछ र स्वैच्छिक सहायताप्राप्त मरणको प्रक्रियाका चरणहरू तय गर्दछ। यसले स्वैच्छिक सहायताप्राप्त मरणको आयोग पनि स्थापना गर्दछ। यो www.legislation.tas.gov.au बाट पहुँच गर्न सकिन्छ।

## कसले स्वैच्छिक सहायताप्राप्त मरण पहुँच गर्न सक्छ?

सबै योग्यता मापदण्डहरू पूरा गरेका व्यक्तिले तास्मानियामा स्वैच्छिक सहायताप्राप्त मरण पहुँच गर्न योग्य हुन्छन।

## उमेर

व्यक्ति वयस्क (१८ वा त्यो भन्दा माथि) हुनुपर्छ।

## बसोबास

व्यक्ति अष्ट्रेलियाली नागरिक वा स्थायी बासिन्दा हुनुपर्दछ वा उनीहरूको औपचारिक पहिलो अनुरोध गर्नु अघि कम्तिमा तीन वर्ष अष्ट्रेलियामा बसेको हुनुपर्छ। व्यक्तिले आफ्नो औपचारिक पहिलो अनुरोध गर्नु अघि कम्तिमा १२ महिनादेखि तस्मानियामा पनि बसेको हुनुपर्छ।

## चिकित्सा आवश्यकताहरू

व्यक्तिलाई एक उच्च, निको नहुने, र अपरिवर्तनीय रोग, बिमार, चोट, वा चिकित्सा अवस्था हुनुपर्दछ जुन व्यक्तिलाई स्वीकार्ययोग्य तरिकाले उपचार गर्न सकिँदैन, र छ महिना भित्र वा १२ महिना भित्र त्यसका कारण यदि अवस्था न्यूरोडिजेनेरेटिव छ भने मृत्यु हुने आशा गरिन्छ।

व्यक्तिले आफ्नो अवस्थासँग जोडिएको निरन्तर पीडाको अनुभव पनि गरिरहेको हुनुपर्छ जुन उनीहरूलाई असहनीय लाग्छ।

## स्वैच्छिकता

व्यक्तिले स्वैच्छिक रूपमा काम गर्नुपर्छ। अर्थात्, उनीहरू बिना जबरजस्ती (अरूको दबाबको महसुस नगरी) वा बलपूर्वक (बल) बिना वा उनीहरूलाई धम्की महसुस भएको वा उनीहरूलाई सजाय वा नराम्रो व्यवहार वा कुनै न कुनै तरिकाले अनुकूल व्यवहार गरिने भएकोले काम गरेको हुनुहुन्न।

## निर्णयलिने क्षमता

व्यक्तिसँग स्वैच्छिक सहायताप्राप्त मरण प्रक्रियाको अवधिभर अन्तिम अनुमति दिँदा सम्म निर्णय गर्ने क्षमता हुनुपर्दछ।

यसको मतलब व्यक्तिसँग निम्न क्षमता हुनुपर्छ:

- निर्णय लिँदा आवश्यक जानकारी वा सल्लाह बुझ्ने,
- निर्णय लिनको लागि जानकारी वा सल्लाहलाई लामो समयसम्म सम्झना सक्ने,
- निर्णय लिनको लागि जानकारी वा सल्लाहको प्रयोग वा मूल्याङ्कन गर्नसक्ने, र
- निर्णय, र निर्णयको बारेमा उनीहरूको राय, कुनै न कुनै तरिकाले बताउने।

## व्यक्तिको योग्यता (Eligibility) कसरी निर्धारण गरिन्छ?

स्वैच्छिक सहायताप्राप्त मरण प्रक्रियामा प्रत्येक बिन्दुमा योग्यता निर्धारण गर्न चिकित्सा अभ्यासकर्ताहरू (वा अन्तिम अनुमतिको मामलामा दर्तावाला नर्सहरू) संग धेरै औपचारिक चरणहरू हुन्छन्। तीन अलग-अलग अनुरोधहरू, र पाँच अलग-अलग मूल्याङ्कनहरू आवश्यक पर्छन्, र धेरै जसो मामलाहरूमा प्रक्रिया पूरा हुन धेरै हप्ता लाग्छ।

कुनै पनि औपचारिक चरणहरूमा, व्यक्तिले निर्णय गर्ने क्षमता गुमाएमा, वा चिकित्सा अभ्यासकर्ता (वा दर्तावाला नर्स) ले स्वेच्छाले काम गरिरहेको छैन भन्ने विश्वास गरेमा अयोग्य हुनेछन्।

स्वैच्छिक सहायताप्राप्त मरणको प्रक्रियामा सक्रिय रूपमा संलग्न हुन, त्यो व्यक्तिको चिकित्सा अभ्यासकर्ता (वा दर्तावाला नर्स) उपयुक्त रूपमा योग्य र अनुभवी हुनुपर्छ। उनीहरूले विशेष प्रशिक्षण पनि पूरा गरेको हुनुपर्छ।

चिकित्सा अभ्यासकर्ताहरू, दर्तावाला नर्सहरू, र फार्मासिस्टहरूले स्वैच्छिक सहायताप्राप्त मरण प्रक्रियामा भाग लिन अस्वीकार गर्न सक्नेछन्। यो हुन सक्छ किनभने उनीहरू स्वैच्छिक सहायताप्राप्त मरणसँग सहमत छैनन्, वा तिनीहरू उपयुक्त रूपमा योग्य र अनुभवी छैनन्, वा तिनीहरूले विशेष प्रशिक्षण पूरा गरेका छैनन्, वा अन्य कुनै कारणले। उनीहरूले किन भाग लिन अस्वीकार गरे भनेर व्याख्या गर्न आवश्यक छैन।

स्वैच्छिक सहायताप्राप्त मरणबारे चिकित्सा अभ्यासकर्ता वा दर्तावाला नर्ससँग छलफल गर्दैमा स्वैच्छिक सहायताप्राप्त मरण प्रक्रिया स्वतः सुरु हुने छैन। व्यक्तिले प्रक्रिया सुरु गर्नको लागि औपचारिक पहिलो अनुरोध गर्नुपर्छ।

## व्यक्तिले कुनै पनि बिन्दुमा पुग्दा प्रक्रिया रोक्न सक्नेछन्।

## स्वैच्छिक सहायताप्राप्त मरण प्रक्रिया

पहिलो अनुरोध भनेको व्यक्तिले चिकित्सा अभ्यासकर्तालाई आफु स्वैच्छिक सहायताप्राप्त मरणमा पहुँच गर्न योग्य छ वा छैन भनी निर्धारण गर्नको लागि गरेको औपचारिक अनुरोध हो। व्यक्तिले अनुरोध गर्नु अघि विशेष चिकित्सा अभ्यासकर्ताबाट व्यक्तिगत रुपमा सान्दर्भिक तथ्य (यो दस्तावेज) को प्रतिलिपि प्राप्त गरेको हुनुपर्छ र इमेल, इन्टरनेट वा हुलाक मार्फत होइन।

पहिलो अनुरोध मौखिक वा लिखित रूपमा गर्न सकिन्छ। आफ्नो पहिलो अनुरोध मौखिक रूपमा गर्ने व्यक्तिले आफ्नो चिकित्सा अभ्यासकर्तालाई व्यक्तिगत रूपमा, स्वैच्छिक सहायताप्राप्त मरणमा पहुँच गर्न चाहेको कुरा स्पष्ट रूपमा संकेत गर्नुपर्छ। लिखित रूपमा आफ्नो पहिलो अनुरोध गर्ने व्यक्तिले कि त आफैंले अनुरोधमा हस्ताक्षर गर्न सक्छन वा यदि उनीहरूले आफैंले हस्ताक्षर गर्न सक्दैनन् भने, उनीहरूको तर्फबाट अर्को व्यक्तिलाई हस्ताक्षर गराउनुहोस्।

**स्वैच्छिक सहायताप्राप्त मरणबारे सान्दर्भिक तथ्यहरू**

चिकित्सा अभ्यासकर्ताले व्यक्तिको पहिलो अनुरोध स्वीकार गर्ने वा अस्वीकार गर्ने भन्ने निर्णय गर्नेछ।

चिकित्सा अभ्यासकर्ता जसले व्यक्तिको पहिलो अनुरोध स्वीकार गर्ने निर्णय गर्छ भने त्यो प्रक्रियाकोलागि व्यक्तिको प्राथमिक चिकित्सा अभ्यासकर्ता बन्छ।

प्राथमिक चिकित्सा अभ्यासकर्ताले ती व्यक्तिलाई उसको अवस्था र उपचार, रोगको पुर्वानुमान, र उपशामक(palliative) हेरचाह र उपचार विकल्पहरूको बारेमा जानकारी दिनेछन्।

त्यसपछि प्राथमिक चिकित्सा अभ्यासकर्ताले स्वैच्छिक सहायताप्राप्त मरणमा पहुँच गर्न ती व्यक्ति योग्य छन् वा छैनन् भनी निर्धारण गर्नेछन्।

यदि व्यक्तिको पहिलो भाषा अङ्ग्रेजी होइन भने, वा उनीहरूलाई सञ्चारमा कठिनाइहरू छन् भने, अनुवादक वा अन्य व्यक्तिले त्यो व्यक्तिको पक्षमा औपचारिक पहिलो अनुरोध गर्न सक्छन्।

यदि प्राथमिक चिकित्सा अभ्यासकर्ताले व्यक्ति स्वैच्छिक सहायताप्राप्त मरणमा पहुँच गर्न योग्य छ भनी निर्धारण गरेमा, त्यो व्यक्तिले ४८ घण्टा पछि, दोस्रो अनुरोध गर्न सक्नेछ।

दोस्रो अनुरोध लिखित रूपमा हुनुपर्छ र साक्षी हुनैपर्छ।

दोस्रो अनुरोधले प्राथमिक चिकित्सा अभ्यासकर्तालाई दोस्रो पटक, त्यो व्यक्ति स्वैच्छिक सहायताप्राप्त मरणमा पहुँच गर्न योग्य छ कि छैन भनेर निर्धारण गर्न सोध्नेछ।

अनुरोध प्राप्त गरेपछि, प्राथमिक चिकित्सा अभ्यासकर्ताले स्वैच्छिक सहायताप्राप्त मरणमा पहुँच गर्न त्यो व्यक्ति योग्य छ वा छैन भनी निर्धारण गर्नेछन् ।

यदि प्राथमिक चिकित्सा अभ्यासकर्ताले व्यक्तिको दोस्रो अनुरोधमा पनि स्वैच्छिक सहायताप्राप्त मरणमा पहुँच गर्न योग्य छ भनी निर्धारण गरेमा, प्राथमिक चिकित्सा अभ्यासकर्ताले सो व्यक्तिलाई दोस्रो रायको लागि अर्को चिकित्सा अभ्यासकर्तासंग पठाउनु पर्छ।

व्यक्तिलाई रेफर गरिएको चिकित्सा अभ्यासकर्ताले रेफरल स्वीकार गर्ने वा अस्वीकार गर्ने भन्ने निर्णय गर्नुपर्छ।

रेफरल स्वीकार गर्ने निर्णय लिने चिकित्सा अभ्यासकर्ता यो प्रक्रियाको लागि व्यक्तिको परामर्शदाता चिकित्सा अभ्यासकर्ता बन्छन्।

परामर्शदाता चिकित्सा अभ्यासकर्ताले त्यो व्यक्तिको चिकित्सा इतिहास र अन्य कुनै पनि सान्दर्भिक जानकारीलाई विचार गर्नेछन्। परामर्शदाता चिकित्सा अभ्यासकर्ताले पनि त्यो व्यक्तिको जाँच गर्न सक्छन् तर त्यसो गर्नु पर्दैन।

त्यसपछि परामर्शदाता चिकित्सा अभ्यासकर्ताले स्वैच्छिक सहायताप्राप्त मरणमा पहुँच गर्न त्यो व्यक्ति योग्य छ वा अयोग्य छ भनी निर्धारण गर्नेछन्।

यदि परामर्शदाता चिकित्सा अभ्यासकर्ताले यी व्यक्ति स्वैच्छिक सहायताप्राप्त मरणमा पहुँच गर्न योग्य छन् भनी निर्धारण गरेमा, त्यो व्यक्तिले आफ्नो प्राथमिक चिकित्सा अभ्यासकर्तालाई अन्तिम अनुरोध गर्न सक्नेछन्।

अन्तिम अनुरोध लिखित रूपमा दिनुपर्छ।

अनुरोध प्राप्त गरेपछि, प्राथमिक चिकित्सा अभ्यासकर्ताले स्वैच्छिक सहायताप्राप्त मरणमा पहुँच गर्न यी व्यक्ति योग्य छन् वा अयोग्य छन् भनी निर्धारण गर्नेछन्।

**स्वैच्छिक सहायताप्राप्त मरणबारे सान्दर्भिक तथ्यहरू**

यदि यी व्यक्ति अझै पनि योग्यनै छन् भने, प्राथमिक चिकित्सा अभ्यासकर्ताले त्यसपछि यी व्यक्तिको प्रशासनिक स्वास्थ्य अभ्यासकर्ता (व्यक्तिलाई स्वैच्छिक सहायताप्राप्त मरणमा प्रयोग हुने पदार्थ आपूर्ति गर्ने वा व्यवस्थापन गर्ने अभ्यासकर्ता) बन्ने की नबन्ने भन्ने निर्णय गर्नेछन्। यदि प्राथमिक चिकित्सा अभ्यासकर्ताले प्रशासनिक स्वास्थ्य अभ्यासकर्ता नहुने निर्णय गरेमा, अर्को चिकित्सा अभ्यासकर्ता वा दर्तावाला नर्सलाई यो भूमिका निभाउन नियुक्त गरिनेछ।

यदि प्राथमिक चिकित्सा अभ्यासकर्ताले अन्तिम अनुरोधको बिन्दुमा पनि ती व्यक्ति स्वैच्छिक सहायताप्राप्त मरण पहुँच गर्न योग्य छन् भनी निर्धारण गरेमा, प्राथमिक चिकित्सा अभ्यासकर्ताले स्वैच्छिक सहायताप्राप्त मरणको आयोगलाई पदार्थको स्वीकृति जारी गर्न अनुरोध गर्नेछन्।

स्वैच्छिक सहायताप्राप्त मरणको आयोगले ती व्यक्तिको प्राथमिक चिकित्सा अभ्यासकर्तालाई पदार्थको स्वीकृति या त जारी गर्नेछ वा जारी गर्न अस्वीकार गर्नेछ। आयोगले प्राथमिक चिकित्सा अभ्यासकर्ताबाट सबै आवश्यक जानकारी प्राप्त गरेको र ऐनका सबै पक्षहरू पूरा भएको कुरामा सन्तुष्ट भएमा मात्र पदार्थको स्वीकृति जारी गर्न सक्नेछ।

पदार्थको स्वीकृति विवरणहरू, छनौट गरिएको त्यो पदार्थ सेवन गर्ने विधिको आधारमा फरक हुनेछ। यसको मतलब यो हो कि पदार्थको स्वीकृति जारी गर्नु अघि ती व्यक्तिले पदार्थलाई कसरी सेवन गर्न चाहन्छन् भन्ने निर्णय गरेको हुनुपर्छ (यदि उनीहरूको परिस्थिति परिवर्तन भएमा यो पछि परिवर्तन हुन सक्छ)।

यदि स्वैच्छिक सहायताप्राप्त मरणको आयोगले पदार्थको स्वीकृति जारी गर्दछ भने, प्राथमिक चिकित्सा अभ्यासकर्ताले स्वैच्छिक सहायताप्राप्त मरणहुने पदार्थ तोकिदिनेछन्।

धेरैजसो औषधिहरू जस्तो नभई, यो पदार्थको प्रिस्क्रिप्शन व्यक्तिलाई दिइने छैन। यसको सट्टा, यो सिधै स्वैच्छिक सहायताप्राप्त मरणको फार्मेसी सेवा द्वारा तोकिएको विशेषज्ञ फार्मासिस्टलाई दिइनेछ।

विशेषज्ञ फार्मासिस्टले उनीहरूसँग व्यक्तिको स्वास्थ्य अवस्थाबारे छलफल गर्नेछन्। विशेषज्ञ फार्मासिस्टले त्यसपछि ती व्यक्तिको प्राथमिक चिकित्सा अभ्यासकर्तालाई स्वैच्छिक सहायताप्राप्त मरणको पदार्थ दिनेछन्।

व्यक्तिको प्राथमिक चिकित्सा अभ्यासकर्ताले त्यो पदार्थलाई आवश्यक नभएसम्म सुरक्षित रूपमा भण्डारण गर्नेछन्।

व्यक्तिको प्रशासनिक स्वास्थ्य अभ्यासकर्ताले यी व्यक्तिसँग अझै उस्तै निर्णय गर्ने क्षमता छ कि छैन र व्यक्तिले मृत्युको लागि सहायता प्राप्त गर्नु अघि स्वेच्छाले काम गरिरहेको छ कि छैन भनेर निर्धारण गर्नुपर्छ। यो निर्णयलाई अन्तिम संकल्प भनिन्छ।

यदि प्रशासनिक स्वास्थ्य अभ्यासकर्ताले व्यक्तिसँग निर्णय गर्ने क्षमता छ र स्वेच्छिक रूपमा काम गरिरहेको छ भनी निर्धारण गरेमा, प्रशासनिक स्वास्थ्य अभ्यासकर्ताले ती व्यक्ति मृत्युको लागि सहयोग प्राप्त गर्न योग्य छन् भनी सल्लाह दिनेछन्।

त्यसपछि ती व्यक्तिले आफ्नो प्रशासनिक स्वास्थ्य चिकित्सकलाई अन्तिम अनुमति दिन सक्नेछन्।

अन्तिम अनुमति लिखित रूपमा दिनुपर्छ।

कुनै पनि व्यक्तिले या त व्यक्तिगत रूपमा पदार्थलाई स्वयम आफै सेवन गर्ने निर्णय लिन सक्छन् (take it on their own), वा उनीहरूको प्रशासनिक स्वास्थ्य चिकित्सकको सहयोगमा, वा उपस्थितिमा उक्त पदार्थ सेवन गराउन सकिनेछ।

आफैले पदार्थ सेवन गर्ने निर्णय गर्ने व्यक्तिले अर्को व्यक्तिलाई आफ्नो सम्पर्कव्यक्तिको रूपमा नियुक्त गर्नुपर्छ।

**स्वैच्छिक सहायताप्राप्त मरणबारे सान्दर्भिक तथ्यहरू**

स्वैच्छिक सहायताप्राप्त मरण प्रक्रियाका केही भागहरूमा लागू हुने समयसीमाहरू:

- चिकित्सा अभ्यासकर्तासँग कुनै व्यक्तिको औपचारिक पहिलो अनुरोध स्वीकार गर्ने वा नगर्ने भन्ने निर्णय गर्न ४८ घण्टा हुन्छ।
- कुनै व्यक्तिको औपचारिक पहिलो अनुरोध र उनीहरूको दोस्रो अनुरोध, र व्यक्तिको दोस्रो अनुरोध र अन्तिम अनुरोध बीचको समय, विशेष परिस्थितिहरू लागू नभएसम्म प्रत्येक मामलामा कम्तिमा ४८ घण्टा हुनुपर्छ।
- चिकित्सा अभ्यासकर्तासँग व्यक्तिको प्राथमिक चिकित्सा अभ्यासकर्ताबाट रेफरल स्वीकार गर्ने वा नगर्ने निर्णय गर्न ४८ घण्टा हुन्छ।

कुनै व्यक्तिको प्रशासनिक स्वास्थ्य अभ्यासकर्ताले अन्तिम अनुरोधलाई पछ्याउदै र उनीहरु स्वैच्छिक रूपमा काम गरिरहेको र निर्णय गर्ने क्षमता छ भनी निर्धारण गरेपछि, २४ घण्टा भित्र, व्यक्तिलाई मृत्युको लागि सहायता प्राप्तगर्न योग्य छ भनी सल्लाह दिनुपर्छ।

## स्वैच्छिक सहायताप्राप्त मरणको आयोगको बारेमा जानकारी

तास्मानियाको स्वैच्छिक सहायताप्राप्त मरणको आयोगले:

- ऐनको सञ्चालनको अनुगमन गर्दछ,
- व्यक्तिको बसोबास, निर्णय गर्ने क्षमता, र स्वैच्छिकता बारे निर्णयहरूको समीक्षा गर्दछ,
- ऐनको संदिग्ध उल्लङ्घनहरूको अनुसन्धान गर्दछ र ,
- पदार्थको स्वीकृति जारी गर्दछ।

स्वैच्छिक सहायताप्राप्त मरणको आयोगका यी कार्यहरूमा मद्दत गर्नको लागि एउटा कार्यालय छ।

स्वैच्छिक सहायताप्राप्त मरणको आयोगले मानिसहरूलाई स्वैच्छिक सहायताप्राप्त मरणमा पहुँच गर्न र ऐनको बारेमा जानकारी दिन मद्दत गर्दछ। स्वैच्छिक सहायताप्राप्त मरणको नेभिगेसन सेवाले कहिलेकाहीँ आयोगको को पक्षमा यी कार्यहरू गर्दछ।

## समीक्षा

स्वैच्छिक सहायताप्राप्त मरणको आयोगले व्यक्तिको निवास, निर्णय गर्ने क्षमता, र स्वैच्छिकताको बारेमा व्यक्तिको प्राथमिक चिकित्सा अभ्यासकर्ता, उनीहरूको परामर्शदाता चिकित्सा अभ्यासकर्ता, वा उनीहरूको प्रशासनिक स्वास्थ्य अभ्यासकर्ताले गरेका निर्णयहरूको समीक्षा गर्न सक्नेछ।

## अनुसन्धान

स्वैच्छिक सहायताप्राप्त मरणको आयोगले कुनै व्यक्तिले दिएको सूचना पछ्याएर वा आफ्नै गतिमा ऐनको संदिग्ध उल्लङ्घनहरूबारे अनुसन्धान गर्न सक्नेछ। आयोगले शंकास्पद उल्लङ्घनलाई अष्ट्रेलियाली चिकित्सा अभ्यासकर्ताको नियमन निकाय (Ahpra) वा तास्मानिया पुलिस जस्ता अन्य निकायमा पनि पठाउन सक्नेछ।

## प्रोग्नोसिस (Prognosis )बाट छुटहरू

स्वैच्छिक सहायताप्राप्त मरणको आयोगले यो आवश्यकताबाट छुट दिने निर्णय गर्न सक्छ जब कुनै व्यक्तिको अवस्थाले यदि अवस्था न्यूरोडिजेनेरेटिभ छ र ६ महिना भित्रमा वा १२ महिना भित्रमा मृत्यु हुने अपेक्षा गरिएको छ।

आयोगले मात्र ती व्यक्तिलाई छुट दिने निर्णय गर्न सक्नेछ यदि आयोग सन्तुष्ट हुन्छ कि त्यो व्यक्तिको प्रोग्नोसिसनै यस्तो छ कि आवश्यकता लागू हुँदैन।

## आयोगको सम्पर्क

| | |
|---|---|
| पत्राचार विवरण | Voluntary Assisted Dying Commission<br>Department of Health<br>GPO Box 125<br>HOBART TAS 7001 |
| टेलिफोन | 1800 568 956 (toll-free) |
| इमेल | vad.commisssion@health.tas.gov.au |
| वेब | www.health.tas.gov.au/vad/commission |

## नेभिगेसन सेवाको सम्पर्क

| | |
|---|---|
| पत्राचार विवरण | Voluntary Assisted Dying Navigation Service<br>Tasmanian Health Service<br>GPO Box 125<br>HOBART TAS 7001 |
| टेलिफोन | 1800 568 956 (toll-free) |
| इमेल | vad@health.tas.gov.au |
| वेब | www.health.tas.gov.au/vad |

## फार्मेसी सेवाको सम्पर्क

| | |
|---|---|
| पत्राचार विवरण | Voluntary Assisted Dying Pharmacy Service<br>Tasmanian Health Service<br>GPO Box 125<br>HOBART TAS 7001 |
| टेलिफोन | 03 6166 0168 (toll-free) |
| इमेल | vps@ths.tas.gov.au |
| वेब | www.health.tas.gov.au/vad |

**आयोग, नेभिगेसन सेवा, र फार्मेसी सेवा सोमबार - शुक्रवार, बिहान 9.00 देखि 5.00 बजे सम्म सञ्चालन हुन्छ।**

## प्यालिएटिभ केयर (palliative care), उपचार, र दुखाइ कम गर्ने विकल्पहरूको बारेमा जानकारी

तास्मानियाको स्वास्थ्य विभागले तास्मानिया भरका मानिसहरूका लागि उपशामक हेरचाह (palliative care), जीवन अन्त्य गर्ने (end -of -life) को योजना बारेमा जानकारी र सहयोग प्रदान गर्दछ। विभागको विशेषज्ञ प्यालिएटिभ केयर सेवाका लागि विभागको वेबसाइट र सम्पर्क विवरणहरू निम्नानुसार छन्:

| | |
|---|---|
| वेबसाइट: | www.health.tas.gov.au/palliativecare |
| नोर्थ-वेस्ट: | 6477 7760, सोमबार देखि शुक्रबार, बिहान 8.30 बजे देखि बेलुका 4.00 बजे सम्म |
| नोर्थ: | 6777 4544, सोमबार देखि शुक्रबार, बिहान 8.30 बजे देखि बेलुका 4.00 बजे सम्म |
| साउथ: | 6166 2820, सोमबार देखि शुक्रबार, बिहान 8.30 बजे देखि बेलुका 4.00 बजे सम्म |

*प्यालिएटिभ केयर तास्मानिया एक स्वतन्त्र संस्था हो जसले जीवनलाई सीमितगर्ने रोग लागेका तास्मानियालीहरू र तिनीहरूका परिवारहरूलाई जानकारी र सहयोग प्रदान गर्दछ, र तास्मानियाभरि प्यालिएटिभ हेरचाह सेवाहरूको बारेमा जानकारी प्रदान गर्दछ। यसको सम्पर्क विवरण यस प्रकार छ:*

| | |
|---|---|
| वेबसाइट: | www.pallcaretas.org.au |
| इमेल: | admin@pct.org.au |
| राज्यभर: | 6231 2799 |

CareSearch प्यालिएटिभ हेरचाह सम्बन्धित ज्ञानको नेटवर्कले स्वास्थ्य पेशेवरहरू, प्यालिएटिभ हेरचाह चाहिने व्यक्तिहरू र उनीहरूका परिवारहरू, र सामान्य समुदायका मानिसका लागि प्यालिएटिभ हेरचाहको बारेमा अनलाइन स्रोतहरू र जानकारी प्रदान गर्दछ। यसको सम्पर्क विवरण यस प्रकार छ:

| | |
|---|---|
| वेबसाइट: | www.caresearch.com.au |

## सामान्य सहायता बारे जानकारी

Beyond Blue *ले मानसिक स्वास्थ्य र सुः स्वास्थ्यको लागि सहायता प्रदान गर्न सक्छ, विशेषगरी यदि तपाईं चिन्ता वा डिप्रेसनको अनुभव गर्दै हुनुहुन्छ भने। यसको सम्पर्क विवरण यस प्रकार छः*

वेबसाइट: www.beyondblue.org.au

फोन: 1300 224 636 (दिउसो वा राती को कुनै पनि समय)

*यदि तपाईंलाई भावनात्मक संकटको सामना गर्न तत्काल मद्दत चाहिन्छ भने* Lifeline *ले संकटको बेला सहायता प्रदान गर्न सक्छ। यसको सम्पर्क विवरण यस प्रकार छः*

वेबसाइट: www.lifeline.org.au

फोन: 13 11 14 (दिउसो वा राती को कुनै पनि समय)

*यदि तपाईंलाई एक पटक मात्र वा निरन्तर सहायता चाहिएमा* Tasmanian Lifeline *एक तास्मानियनमा आधारित टेलिफोन सहायता सेवा हो । यसको सम्पर्क विवरण यस प्रकार छः*

वेबसाइट: www.atasmanianlifeline.com.au

फोन: 1800 984 434 सहायताको लागि (बिहान 8.00 बजे देखि बेलुका 8.00 बजे सम्म, हप्ताको 7 दिन)

**यदि तपाईं वा अरूकोही तत्काल खतरामा हुनुहुन्छ भने, 000 मा फोन गर्नुहोस्।**